# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १०० | काठमाडौं | शनिबार, १६ साउन २०८३ | Prabhab National Daily | Saturday, 01 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-


पाकिस्तानको 'ब्रोड पिक'मा हिमपहिरो

## नेपाली आरोही युक्त गुरुङको शव फेला

### निर्मल पुर्जा 'निम्स दाइ', पेम्बा शेर्पा 'किल', निमा शेर्पा, न्वाङथिन्दु शेर्पा र ग्याल्जु शेर्पा सम्पर्कविहीन

■ प्रभाव संवाददाता


युक्त गुरुङ

**काठमाडौं–** पाकिस्तानको 'ब्रोड पिक' आरोहणका क्रममा हिमपहिरोमा परी बेपत्ता भएका छ जना नेपालीमध्ये एक जनाको शव भेटिएको छ । हिमपहिरोमा परी बेपत्ता भएका १० जनामध्ये चार जनाको शव भेटिएकामा एउटा शव चर्चित पर्वतारोही पुरबहादुर गुरुङ (युक्त) को भएको अल्पाइन क्लब अफ पाकिस्तानले पुष्टि गरेको छ ।

अल्पाइन क्लबका अनुसार चार जनाको शव भेटिएकामा एउटा ओमानी आरोही नधिरा अल हारथीको र एउटा नेपाली आरोही गुरुङको भएको पहिचान भएको छ । अन्य शवको पहिचान हुन बाँकी छ । नेपाल नेसनल माउन्टेन गाइड एसोसिएसनले पनि गुरुङको शव पहिचान भएको पुष्टि गरेको छ ।

काराकोरम हिमशृंखलामा अवस्थित ८०४७ मिटर अग्लो उक्त पिक आरोहणमा गएका १० जना बिहीबार गएको हिमपहिरोमा परी बेपत्ता भएका थिए । विभिन्न देशका चार जनासहित छ जना नेपाली आरोही उक्त टोलीमा सहभागी रहेका थिए । बेपत्ता हुनेमा विश्व कीर्तिमानी नेपाली आरोही निर्मल पुर्जा 'निम्स दाइ'सहित किली पेम्बा शेर्पा 'किलु', निमा शेर्पा, न्वाङथिन्दु शेर्पा र ग्याल्जु शेर्पा रहेका छन् ।

शुक्रबार पाकिस्तानी सेनाको उद्धार टोली हेलिकप्टरमार्फत हिमपहिरो गएको क्षेत्रमा खटिएको थियो । शुक्रबार साँझ स्थगित उद्धार कार्य आज पुनः निरन्तरता दिने बताइएको छ ।

यसैबीच सरकारले ब्रोड पिकमा बेपत्ता आरोहीको खोजी कार्य शीघ्र बनाउन पाकिस्तानसँग आग्रह गरेको छ । हिमपहिरोमा परी नेपालीसहित विभिन्न देशका पर्वतारोही बेपत्ता भएको घटनाप्रति संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गहिरो दुःख व्यक्त गर्दै खोजीका निम्ति आग्रह गरेको हो ।

पर्यटन विभागले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार बिहीबारको हिमपहिरोपछि बेपत्ता भएका आरोहीहरूको शीघ्र खोज तथा उद्धारका लागि आवश्यक पहल र समन्वय गर्न सरोकार भएका सबैसँग आग्रह गरिएको छ ।

बेपत्ता नेपाली आरोहीहरूको खोज तथा उद्धारका लागि पाकिस्तानस्थित नेपाली दूतावासमार्फत पाकिस्तान सरकारसँग निरन्तर समन्वय भइरहेको विभागले जनाएको छ । साथै, खोज तथा उद्धार कार्यसम्बन्धी आधिकारिक जानकारीका लागि सम्बन्धित निकायबाट जारी सूचनामात्र विश्वास गर्न पनि विभागले अनुरोध गरेको छ ।

# संवाद र सर्वदलीय साथले साम्य हुँदै मधेसको तनाव


प्रधानमन्त्री वालेन्द्र शाह शुक्रबार तराई–मधेसका विभिन्न निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने रास्वपाका सांसदहरूसँग छलफल गर्दै ।



सप्तरीको नगरपालिका–७ कल्याणपुरमा हिन्दू र मुस्लिम समुदायका अगुवा, बुद्धिजीवी तथा स्थानीयवासीको सहभागितामा शुक्रबार आयोजित सद्भाव र्‍याली ।
*तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुनसरीमा धार्मिक विवाद साम्य पार्न प्रहरीले चलाएको गोली लागी एक युवाको मृत्यु भएसँगै चौथो दिन पुग्दा मधेसभर सल्कँदै थियो । भर्खरै जनादेश पाएको सरकार भने उदासीन भएर न त दलसँग संवाद गर्दै थियो, न त नागरिक समाजसँगै ।

प्रधानमन्त्री वालेन्द्र शाहको चौतर्फी आलोचना सुरू भयो । संसद्मासमेत नदेखिने प्रधानमन्त्री शाह सक्रिय नभएपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने आफैं अघि सरे । लामिछानेले पहिल्याएको पदचाप प्रधानमन्त्री शाहले तुरुन्तै पछ्याए र आफू देशबासीको नाममा सम्बोधन गर्दै गर्दा गृहमन्त्री सुधन गुरुङलाई प्रभावित क्षेत्रमा पठाए । चर्को आलोचना सहेरै भए पनि गृहमन्त्री गुरुङ पीडित परिवारलाई शान्त पार्न रातारात सुनसरी पुगे । वालेन्द्र सरकारको यो प्रयासले नागरिकमा एक प्रकारको उत्साह छायो ।

सर्वदलीय बैठकपछि प्रमुख दलहरूले मधेस शान्त पार्न आ-आफ्नो तर्फबाट अपिल जारी गरे । बिहीबार हिंसामा संलग्न आफ्नो पार्टीको कार्यकर्ता हुनै नसक्ने बताएका प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति गगन थापाले शुक्रबार दिउँसो मधेस र कोशी प्रदेशका स्थानीय सरकारका प्रतिनिधिसँग 'भर्चुअल' बैठक राखे । बैठकमा थापा आफ्नो पार्टीबाट निर्वाचित प्रदेश सरकार र स्थानीय सरकारका प्रमुखहरूलाई भन्दै थिए, 'कसले के भन्छ भन्नेमा चासो दिन हुन्न । हामी अभिभावक हो । मूल शक्ति हो । कांग्रेस जिम्मेवार बन्नुपर्छ । सम्हाल्ने काम हाम्रो हो । आगो जसले लगाए पनि निभाउने काम हाम्रो हो । सम्हाल्ने शक्ति हामी बन्नुपर्छ । सहिष्णुता कायम गरौं ।'

सर्वदलीय बैठकपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाल कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहालले पनि सद्भाव कायम गर्न आह्वान गरेका थिए । पुराना दल र पुराना नेताप्रति निकै नै पूर्वाग्राही सुनिने प्रधानमन्त्री शाह र उनको पार्टीको नेतृत्वबाट राजनीतिक संवादका कारण अहिले परिस्थिति सामान्य बन्दै गएको सुरक्षा निकायका प्रमुखहरू बताउँछन् । बिहीबार बेलुका नै रास्वपा सभापति लामिछानेले मधेसवादी दलसँग पनि छलफल गरेर मधेस तनाव मत्थर पार्ने भूमिका खेलेका थिए ।



संघीयतामा अझै पनि प्रदेशलाई प्रहरी दिएको छैन । अनि संघीय सत्ताले प्रहरी पठाउँछ । भाषा बुझ्दैन । अनि गोलीले जवाफ दिन्छ । अनि कसरी हुन्छ शान्ति ? अहिलेको घटनाको मुख्य कारण यो पनि हो । त्यसैले प्रदेशलाई छिटो अधिकार दिनुपर्छ ।

**डा. सिके राउत**
अध्यक्ष, जनमत पार्टी



पाँच-छ दिन भइसकेको थियो । यो घटना मधेसमा आगोको रूपमा फैलिरहेको छ भनेर हामीले पहिल्यै त्यसलाई रोक्नुपर्‍यो भनेको थियो । तर राज्यले रेस्पोन्स नगरेपछि त्यसको फल त्यस्तै हुन्छ ।

**राजेन्द्र महतो**
अध्यक्ष, राष्ट्रिय मुक्ति पार्टी



मलाई संघीयता विरोधी भनेर सपनामा पनि नसोच्नुहोला । सन्देश गलत गएको छ । हाम्रो पार्टी संघीयताविरोधी होइन र म स्वयं त संघीयताविरोधी होइन । कहाँ-कहाँ कमी हो सुधार गर्नुपर्छ । प्रदेशहरूले प्राप्त अधिकार प्रयोग गर्नुपर्छ ।

**वालेन्द्र शाह**
प्रधानमन्त्री

### बिहीबार दिनभर रवि, रातभर गृहमन्त्री, शुक्रबार दिनभर प्रधानमन्त्री सक्रिय

प्रधानमन्त्री शाहले बिहीबार देशबासीको नाममामात्र सम्बोधन गरेनन् राष्ट्रपति रामचन्द्र पौडेल भेटे । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग टेलिफोन वार्ता गरे । सुरक्षा निकायका प्रमुखहरूलाई मधेस पठाए । बल र बन्दुकले हैन जुक्तिले अशान्त मधेसलाई मनाउने प्रयासमा प्रधानमन्त्री शाह लागेको सन्देश एकाएक फैलियो ।


▶▶| क्रमशः पृष्ठ २ मा


सन्दर्भः वैदेशिक रोजगार

## सिण्डिकेटविरूद्ध सशक्त कदम चाल्न संघलाई लोकतान्त्रिक एसोसिएसनको दबाब

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले व्यवसायीको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सिण्डिकेट (एकाधिकार)विरुद्ध थप कदम नचाले त्यसविरुद्ध लड्ने जनाएको छ । शुक्रबार मलेसिया रोजगारीमा एकाधिकारको विषयमा विभिन्न घटक संस्थासँग अन्तरक्रिया कार्यक्रमको आयोजना गर्दै एसोसिएसनले संघलाई खबरदारी गर्ने निर्णय गरेको हो ।

एसोसिएसनले चाँडै संघलाई यस विषयमा ध्यानाकर्षणपत्र बुझाउने जनाएको छ । साथै, संघले सिण्डिकेटविरुद्ध विभिन्न समयमा गरेका प्रयासहरू र आगामी दिनमा गर्ने कार्यको पनि अध्ययन गर्ने भएको छ ।

छलफलमा संघका निवर्तमान अध्यक्ष भुवनसिंह गुरुङले संघको नेतृत्व नचुकेसम्म कुनै पनि प्रकारको सिण्डिकेटले स्थान नपाउने बताए । गुरुङले आफूले संघको नेतृत्व सम्हाल्दा सिण्डिकेटधारीको सपना साकार नभएकाले हट्न बाध्य बनाइएको आरोप लगाए । 'हाम्रो पालामा परराष्ट्र मन्त्रालयदेखि मलेसियन दूतावासले पनि सिण्डिकेटविरुद्ध संघले गरेको अपिलमा सहमत छौं भनेको थियो,' उनले भने, 'हाम्रो पालामा सिण्डिकेटधारीको सपना साकार भएन । मेरो कार्यसमिति विघटन गर्नु नै म सिण्डिकेटको बाधक भएर हो भन्ने प्रस्ट भयो ।'

आफ्नो कार्यकालमा संघले सदस्य संस्थाहरूसँग सिण्डिकेटविरुद्धको प्रतिबद्धता जम्मा गरेर राखेकाले वर्तमान नेतृत्वले त्यसमाथि फेरि अध्ययन गर्नुपर्ने गुरुङले बताए । सिण्डिकेट ल्याउन खोज्ने भनिएका २५ जना व्यवसायीमाथि अध्ययन अनुसन्धान गरि ती संस्थाको इजाजत रद्द गर्न संघले सिफारिस गर्नुपर्ने उनको सुझाव छ ।

छलफलका क्रममा एसोसिएसनका कार्यवाहक अध्यक्ष सुवर्ण लामाले विगतमा सिण्डिकेट ल्याउन खोज्नेहरू सक्रिय भए पनि कालान्तरमा आफैं बिलाएको बताए । व्यवसायभित्र एकता हुन नसक्दा केही व्यवसायीले यसमा चलखेल गर्न खोजे पनि त्यो सम्भव नभएको उनको भनाइ छ ।

'सबै व्यवसायीले समानरूपमा व्यवसाय गर्न पाउनुपर्छ । यसमा हामीभित्रकै लोभिपापी व्यवसायी र विदेशी गिरोहहरू सक्रिय छन् । तर यो उनीहरूको दिवा स्वप्नमात्र हो,' लामाले भने ।

सिण्डिकेटधारीहरू चलखेल बढाइरहँदा पनि संघले त्यसविरुद्ध तदारुकता देखाउन नसकेको एसोसिएनसका महासचिव सुमनराज पाण्डेको आरोप छ । संघले आवश्यक कदम नचाले आफूहरू त्यसलाई परास्त गर्न अग्रसरता देखाउने पाण्डेले बताए । 'हाम्रो मूल नेतृत्व भनेको संघ हो । हामी राम्रो काममा संघलाई सहयोग गर्छौं,' उनले भने, 'संघ कतै चुक्न खोज्छ भने एसोसिएसनले झक्झक्याउँछ ।


▶▶| क्रमशः पृष्ठ २ मा


धार्मिक समुदायका अगुवाको अपिल

## धार्मिक सहिष्णुता र राष्ट्रिय एकताका पक्षमा उभिऔं

■ प्रभाव संवाददाता



**काठमाडौं–** विभिन्न धार्मिक समुदायका अगुवाहरूले शान्ति, सद्भाव, धार्मिक सहिष्णुता, विधिको शासन र राष्ट्रिय एकताको पक्षमा दृढतापूर्वक उभिन सम्पूर्ण नेपाली नागरिकलाई आह्वान गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको अग्रसरतामा शुक्रबार सिंहदरबारमा भएको छलफलपछि मुस्लिम तथा हिन्दू समुदायका अगुवाहरूले संयुक्त अपिल जारी गर्दै कुनै प्रकारको हिंसा, घृणा र विभाजनकारी गतिविधिलाई अस्वीकार गर्न आह्वान गरे ।

उनीहरूले सदियौंदेखिको सहिष्णुता र सामाजिक सद्भावमा खलल पुऱ्याउन भइरहेका विभिन्न क्रियाकलापप्रति सचेत रहन अपिल गरेका छन् । स्थानीय प्रशासन, सुरक्षा निकाय, राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज, सञ्चारमाध्यम तथा सम्पूर्ण सरोकारवालालाई संवाद, सहकार्य र जिम्मेवार


▶▶| क्रमशः पृष्ठ २ मा


### शान्ति, सद्भाव, सामाजिक एकता कायम गर्न अपिल

**नेपालगञ्ज (बाँके)–** सुनसरीको देवानगञ्ज-३ कप्तानगञ्जमा भएको घटनापछि उत्पन्न परिस्थितिलाई ध्यान दिँदै बाँकेका प्रमुख राजनीतिक दलहरूले शान्ति, सद्भाव, सामाजिक एकता र कानुनी शासन कायम गर्न संयुक्त अपिल गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, राष्ट्रिय जनमोर्चा, प्रगतिशील लोकतान्त्रिक पार्टी र क्रान्तिकारी कम्युनिस्ट पार्टीका जिल्ला नेताहरूले शुक्रबार


▶▶| क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## संवाद र सर्वदलीय...

उनले शुक्रबार दिउँसो मधेसबाट प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलका नेताहरूसँग छलफल गरे । छलफलमा प्रधानमन्त्री शाहले मधेसमा शान्ति सुव्यवस्था कायम राख्न र आगामी दिनमा यस्ता गतिविधि हुन नदिन के गर्न सकिन्छ भन्नेबारे नेताहरूको धारणा मागेका थिए ।

राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले राज्यको 'रेस्पोन्स' ढिला भएकाले सुनसरीमा भएको झगडाको आगो चारैतिर सल्केको बताए । 'पाँच-छ दिन भइसकेको थियो । हामीले आठबुँदे एउटा निर्णय गरेका थियौं । यो घटना मधेसमा आगोको रूपमा फैलिरहेको छ, त्यसलाई रोक्नुपर्‍यो । राज्यले रेस्पोन्स नगरेपछि रोकिँदैन नि,' महतोले भने ।

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले प्रधानमन्त्री शाहले पहिलोपटक मधेस केन्द्रित राजनीतिक दलसँग छलफल गर्नु धेरै नै सकारात्मक कदम भएको र आफूहरूले पनि तराईका केही जिल्लामा देखिएको समस्या समाधानका लागि सुझाव दिएको बताए ।

राउतले अन्तरधार्मिक सञ्जाल बनाउन सुझाएको सुनाए । 'अन्तरधार्मिक काउन्सिल बनाउने । त्यसमा धार्मिक गुरुहरू हुन्छन् । यसको हरेक महिना बैठक राख्ने, यसले धेरै राम्रो हुन्छ,' राउतले भने । उनले प्रदेशलाई प्रहरी नदिँदाको कारण पनि मधेसमा बेलाबेला तनाव हुने बताए । 'संघीयतामा अझै पनि प्रदेशलाई प्रहरी दिएको छैन । अनि संघीय सत्ताले प्रहरी पठाउँछ । भाषा बुझ्दैन । अनि गोलीले जवाफ दिन्छ । अनि कसरी हुन्छ शान्ति ?,' राउतले भने ।

छलफलमा डा. राउत, महन्थ ठाकुर, राजेन्द्र महतो, लालबाबु राउत, समिम मियाँ अन्सारी, राम के शर्मा, प्रभु शाह, अमरेशकुमार सिंह, शरतसिंह भण्डारी, जयकान्त राउतलगायतका नेता सहभागी थिए । शुक्रबार नै प्रधानमन्त्री शाहले मधेस प्रदेशबाट प्रतिनिधित्व गर्ने रास्वपाका सांसदहरूसँग पनि छलफल गरे । छलफलका क्रममा प्रधानमन्त्री शाहले सबै सांसदहरूलाई आ-आफ्ना निर्वाचन क्षेत्रमा आत्मविश्वासका साथ पुगेर नागरिक र राज्यबीच सद्भावको बलियो पुल बन्न आह्वान गरेका थिए ।

सांसदहरूले पनि प्रधानमन्त्री शाहको अनुरोधलाई सकरात्मकरूपमा लिँदै आफूहरू तत्कालै आ-आफ्ना निर्वाचन क्षेत्रमा खटिने प्रतिबद्धता जनाएका थिए । प्रधानमन्त्री शाहले आफू नेतृत्वको सरकारले प्रदेशहरूको सशक्तीकरण र अधिकार सम्पन्नतालाई उच्च प्राथमिकतामा राखेको दृढता व्यक्त गरेका थिए ।

उनले संविधानको पूर्ण र प्रभावकारी कार्यान्वयनबाट मात्रै सबै प्रदेशहरू पूर्णरूपमा सशक्त बन्ने यथार्थ औंल्याए । संविधान जारी भएपछि संघीयताको अभ्यास निरन्तर भइरहेको उल्लेख गर्दै बालेनले प्रदेशहरूलाई केन्द्रबाट आफ्ना अधिकार सुम्पन र स्थानीय तहसम्म अधिकारको सहज प्रत्यायोजन गर्न सक्षम बनाउन वर्तमान सरकार पूर्ण प्रतिबद्धताका साथ क्रियाशील रहेको बताएका थिए । 'संविधान बलियो भएमात्रै सम्पूर्ण नेपालीको भविष्य बलियो हुन्छ' भन्ने राष्ट्रिय संकल्प व्यक्त गर्दै प्रधानमन्त्री शाहले सबै राजनीतिक दलहरू, सामाजिक तथा धार्मिक नेतृत्व एवं आमनागरिकलाई संयमता, संवाद र अटुट राष्ट्रिय एकताको पक्षमा दृढतापूर्वक उभिन आग्रह गरेका थिए ।

नेताहरूले प्रधानमन्त्रीको संघीयताप्रतिको धारणासमेत सोधेका थिए । जवाफमा उनले भनेका थिए, 'मलाई संघीयता विरोधी भनेर सपनामा पनि नसोच्नुहोला । सन्देश गलत गएको छ । हाम्रो पार्टी संघीयता विरोधी होइन र म स्वयं त संघीयता विरोधी होइन । कहाँ-कहाँ कमी हो सुधार गर्नुपर्छ । प्रदेशहरूले प्राप्त अधिकार प्रयोग गर्नुपर्छ ।'

जिल्ला-जिल्लामा सर्वदलीय बैठक राखेर सक्रिय बनेको रास्वपाले शुक्रबार धार्मिक समुदायका अगुवासँगमसेत छलफल गर्‍यो । रास्वपा सभापति लामिछानेले देशमा सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्ने उद्देश्यले विभिन्न धार्मिक समुदायका अगुवाहरूसँग छलफल गरेका हुन् । पछिल्लो समय विकसित केही घटनाक्रमका पृष्ठभूमिमा समाजमा आपसी एकता कायम राख्न आयोजित उक्त छलफलपछि धार्मिक नेतृत्वले एक संयुक्त विज्ञप्तिसमेत जारी गरे ।

छलफलमा सहभागी जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता मोहम्मद खालिदले मुलुकको विशिष्ट पहिचान र सामाजिक सद्भाव जोगाउन आफूहरू जुनसुकै त्याग गर्न तयार रहेको बताए । छलफल क्रममा धार्मिक अगुवाहरूले एकअर्कासँग हात मिलाउँदै नेपाली समाजमा धार्मिक र सामाजिक सद्भाव अक्षुण्ण रहेको सांकेतिक सन्देशसमेत प्रवाह गरेका छन् ।

■■■

## धार्मिक सहिष्णुता...

भूमिकामार्फत शान्ति, सुरक्षा र सामाजिक सद्भाव पुनःस्थापित गर्न सक्रिय योगदान दिन अनुरोध गरेका छन् । संयुक्त अपिलमा विश्व हिन्दू महासंघ नेपालका महासचिव रामचन्द्र तिवारी, जमिअत उलमा ए नेपालका अध्यक्ष मौलाना मोहम्मद खालिद सिद्दिकी, महासंघका सचिवालय सदस्य राजुराज फुयाँल र अल सलाम सोसाइटीका अध्यक्ष मौलाना नजरुल हसन फलाहीले हस्ताक्षर गरेका छन् ।

'सबै धर्मको भाव मानव कल्याण, सहिष्णुता अभिवृद्धि तथा सामाजिक एकता र भाइचारा सुदृढ गर्नु हो । कुनै पनि धर्मले अर्को धर्म मान्नेलाई विभेद र उचनिच नगर्ने तथ्य स्वीकार्दै सामाजिक एकतालाई बलियो बनाउनु हाम्रो सामूहिक जिम्मेवारी हो,' संयुक्त अपिलमा भनिएको छ । उनीहरूले सुनसरी, सिरहा तथा मधेस प्रदेशका अन्य जिल्लामा भएका घटनाको सत्यतथ्य छानबिन गरी कानुनविपरीतका कार्यमा संलग्न जोसुकैलाई कारबाही गर्न, पीडितपरिवारलाई आवश्यक राहत, उचित क्षतिपूर्ति तथा घाइतेको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था गर्न सरकारसँग अनुरोध गरेका छन् ।

'विभिन्न स्वार्थ समूहले धर्मका नाममा हिंसात्मक घटना विस्तार गर्ने प्रयास गरिरहेका बेला हामी सम्पूर्ण नागरिकमा संयम रहन, उत्तेजनात्मक, घृणात्मक वा सामाजिक सद्भाव खलबल्याउने कार्यमा संलग्न नहुन अनुरोध गर्दछौं,' संयुक्त अपिलमा भनिएको छ ।

नेपाल बहुधार्मिक, बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक राष्ट्र भएको उल्लेख गर्दै उनीहरूले यहाँका धार्मिक सहिष्णुता, सामाजिक सद्भाव, आपसी सम्मान राष्ट्रिय एकता र पहिचानका आधार भएको बताए । 'कुनै पनि घटना वा विवादका कारण राष्ट्रिय एकता र पहिचानमा आँच पुग्न हुँदैन भन्नेमा हामी स्पष्ट छौं,' अपिलमा भनिएको छ ।

सुनसरीको देवानगञ्ज क्षेत्रमा केही दिनअघि भएको दुःखद् घटना तथा सोही घटनाका कारण मधेस प्रदेशमासमेत सिर्जित असहज परिस्थितिप्रति दुःख व्यक्त गर्दै उनीहरूले सुनसरी, सिरहा तथा मधेस प्रदेशका अन्य जिल्लामा भएका घटनामा निधन भएकामा श्रद्धाञ्जली र घाइतेको स्वास्थ्य लाभको कामना गरेका छन् ।

■■■

## शान्ति, सद्भाव...

संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै कुनै पनि प्रकारका अफवाह, घृणा फैलाउने अभिव्यक्ति तथा उत्तेजनात्मक गतिविधिबाट टाढा रहन सबै नागरिकलाई आग्रह गरेका हुन् । साथै सुनसरीको देवानगञ्जमा भएको घटनामा ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ । त्यसपछिका प्रदर्शन तथा सिरहामा भएको झडपमा मृत्यु भएका नागरिकप्रति पनि श्रद्धाञ्जली व्यक्त गरिएको छ । दलहरूले यस्ता घटनाले समाजमा अविश्वास, त्रास र विभाजन बढाउन सक्ने भएकाले सम्पूर्ण नागरिक, सामाजिक तथा धार्मिक अगुवा, युवा, राजनीतिक कार्यकर्ता, सञ्चारमाध्यम र सरकारलाई संयमता अपनाउन आग्रह गरेका छन् ।

सामाजिक सञ्जाल वा अन्य माध्यमबाट भ्रामक तथा उत्तेजनात्मक सामग्री प्रसारण वा साझा नगर्नसमेत अपिल गरिएको छ । संयुक्त विज्ञप्तिमार्फत नेपाल सरकारसँग घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानुनबमोजिम कारबाही गर्न तथा पीडित परिवारलाई न्याय र आवश्यक राहतको व्यवस्था गर्न माग गरिएको छ ।

बाँके धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावको उत्कृष्ट उदाहरणका रूपमा परिचित रहेको उल्लेख गर्दै दलहरूले जिल्लामा कायम रहेको आपसी विश्वास र सहकार्यलाई अझ सुदृढ बनाउँदै कुनै पनि विभाजनकारी गतिविधिलाई असफल पार्न सबै पक्षलाई एकजुट हुन आह्वान गरेका छन् ।

संयुक्त अपिलमा नेपाली कांग्रेस जिल्ला सभापति नारायणप्रसाद गौडेल, रास्वपाका जिल्ला सभापति विवेककुमार श्रेष्ठ, नेकपा एमालेका जिल्ला अध्यक्ष निरक गुरुङ, नेकपा बाँकेका संयोजक दीपक जिएम, श्रम संस्कृति पार्टी बाँकेका कार्यवाहक अध्यक्ष राजन रानामगर, राप्रपाका जिल्ला सचिव रुद्रमणि न्यौपाने, जसपा नेपालका जिल्ला सचिव सूर्यलाल यादव, राष्ट्रिय जनमोर्चा बाँकेका उपाध्यक्ष जगदीश ढकाल, प्रलोपा बाँकेका अध्यक्ष दीपक शर्मा तथा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल बाँकेका अध्यक्ष प्रेम थापाको हस्ताक्षर रहेको छ ।

### नेपालगञ्जमा आज सद्भाव र्‍याली

सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्ने उद्देश्यले नेपालगञ्जमा आज शनिबार सद्भाव र्‍याली आयोजना गरिने भएको छ । जिल्ला प्रशासन कार्यालय बाँकेमा शुक्रबार आयोजित सर्वपक्षीय तथा सर्वदलीय बैठकले आज सद्भाव र्‍याली आयोजना गर्ने निर्णय गरेको हो ।

यसैबीच र्‍यालीमा सबै सरोकार भएका निकाय तथा स्थानीयको सहभागिताका लागि आह्वान गरिएको प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले जानकारी दिए । उनका अनुसार बैठकले सुनसरीको देवानगञ्ज-३ कप्तानगञ्ज घटनामा मृत्यु भएका ओमप्रकाश मेहता, जयप्रकाश मेहता तथा सिरहा घटनामा मृत्यु भएका गणेश यादवप्रति श्रद्धाञ्जली व्यक्त गर्दै सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न तीन बुँदे निर्णय गरेको छ ।

बैठकले घाइते भएकाहरूको शीघ्र तथा पूर्ण स्वास्थ्यलाभको कामना गर्दै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारसँग माग गर्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी तामाङले बताए ।

बैठकले यसअघि सर्वदलीय तथा सर्वपक्षीय बैठकबाट सार्वजनिक स्थानमा डिजे र साउण्ड सिस्टम बजाउन लगाइएको प्रतिबन्ध कडाइका साथ कार्यान्वयन गर्ने निर्णयलाई अनुगमन गरी प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । साथै, विभिन्न धार्मिक तथा सामाजिक कार्यक्रममा हतियार प्रदर्शन नगर्ने, परम्परागतरूपमा प्रयोग हुने हतियारलाई प्रदर्शनात्मक नभई सांस्कृतिक प्रतीकका रूपमामात्र प्रयोग गर्न आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी तामाङले जानकारी दिए । *रासस*

■■■

## सिण्डिकेटविरुद्ध...

यदि संघ अगाडि नबढे हामी आफैं सिण्डिकेटलाई परास्त गर्छौं ।' केही दिनयता मलेसिया रोजगारीमा सिण्डिकेटको हल्लाले व्यवसायीहरू त्रसित छन् । हाल आंशिक खुलेको मलेसियाको रोजगारी पूर्णरूपमा खुल्ने तयारी भइरहँदा स्वार्थ समूह सक्रिय भएको जनाइएको छ । मलेसियामा धेरै श्रमिक पठाउने खोज्ने व्यवसायीहरू नै यसमा संलग्न भएको र मलेसिया र नेपालबीच हुने एमओयूमा नै एकाधिकार कायम गर्ने खालका प्रावधानलाई समेट्न चलखेल भइरहेको बताइए पनि कोमार्फत भइरहेको छ भनेर भन्न सक्ने अवस्था छैन ।

मलेसियामा करिब चार लाख नेपाली कार्यरत रहेको बताइन्छ । सुरक्षा गार्डसहित सेवा क्षेत्र, उत्पादन, प्लान्टेसनलगायतका क्षेत्रमा नेपालबाट श्रमिक जाँदै आएका छन् । आर्थिक वर्ष २०८१/८२ मा ४९ हजार १८७ जना, २०८२/८३ एक लाख ३२ हजार ६४६ जना रोजगारीका लागि मलेसिया गएको तथ्यांक छ । एकाधिकार कायम भए श्रमिकमाथि आर्थिक भार पर्ने र सीमित समूहलाई लाभ पुर्‍याउने हुँदा व्यवसायी, राज्य र श्रमिक कसैको हित नहुने व्यवसायीहरूले बताउँदै आएका छन् ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८३/०४/१४ गते का.जि.ता.न.पा.वडा नं.१०, हिलेडोलमा पार्किङ गरी राखिएको अवस्थामा निलो/कालो रङ्को २२० सि.सि. पल्सर मोटरसाइकल रातको अन्दाजी ८:०० देखि ३:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिन सर्भ हायर पर्चेज**
**ऋणीको नाम : रोशन कुमार कुंवर**
**बाइक नं.: बा.प्र.-०२-०६२ प २५६०**
**च्यासिस नं.: MD2A13EX2SCE86348**
**इन्जिन नं. : DKXCSE37579**
**ठेगाना : बझाङ, तलकोट गा.पा-१**
**सम्पर्क नं. ९८४८६१००८९**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/१६ गते**

यस कम्पनीको मिति २०८३/०४/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **माइटी माइन्ड्स् प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०४/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्वत : ग्रोथ भेन्चर्स प्रा.लि. (प्रा.लि.नं. २१७२०४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### जारा एजुकेशन सेन्टर प्रा.ली (लिक्वीडेशन)
### सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०६/२३ मा दर्ता भएका ३२१५८६/०८०/०८१ को दर्ता मिति २०८०/०६/२३ मा जारा एजुकेशन सेन्टर प्रा.ली लाई खारेजी (लिक्विडेसन)मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/३/११ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**रमेश हरि अधिकारी, लिक्विडेटर, दामासाही प्र.प.नं.-५४७, मोबाइल नं.९८४२६३८३६७**

### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Nexus Human Resource Pvt.Ltd.** (इजाजत नम्बर: १४६३/०७४/०७५) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्नु/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै निहरूसँग सम्बन्धित कुनै पनि बैदेशिक रोजगार सम्बन्धी कारोबार वा लेनवदेनबाट यस प्रा.लि. जिम्मेवार हुने छैन । यदि कसैको कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.वा सम्बन्धित वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| S.N. | Name |
|---|---|
| 1 | ARCHANA SUBBA |
| 2 | BINA KC |
| 3 | SABITA CHAUDHARY |
| 4 | RITA THAPA |
| 5 | KHIM MAYA TAMANG |

Nexus Human Resource Pvt. Ltd. Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498

### वर्क फर फ्युचर नेपाल प्राइभेट लिमिटेड
### (कम्पनी खारेज गर्ने सम्बन्धमा) हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७८/०४/१९ मा दर्ता नं २६६५७५ बाट दर्ता कायम "**वर्क फर फ्युचर नेपाल प्राइभेट लिमिटेड**" लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मितिः २०८३/४/१५ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमान सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय थापागाउँमा सम्पर्क राख्न हुन सम्बनिधत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**संजय कुमार साह लिक्वीडेटर**
**इजाजत पत्र नं. ३९१ मो.नं. ९८४९४४९३३८**
**थापा गाउँ काठमाडौं**

### इलुमिनेट नेपाल मिडिया सेन्टर
### (कम्पनी खारेज गर्ने सम्बन्धमा) हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७४/०५/१९ मा दर्ता नं १७४५३७ बाट दर्ता कायम "**इलुमिनेट नेपाल मिडिया सेन्टर**" मु.बि.न. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मितिः २०८३/४/१५ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमान सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय थापागाउँमा सम्पर्क राख्न हुन सम्बनिधत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**संजय कुमार साह लिक्वीडेटर**
**इजाजत पत्र नं. ३९१ मो.नं. ९८४९४४९३३८**
**थापा गाउँ काठमाडौं**

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**शनिबार, १६ साउन, २०८३**

| | |
|---|---|
| **मेष** | नयाँ कामको अवसर प्राप्त हुन सक्छ । खर्चमा नियन्त्रण राख्नु राम्रो हुनेछ । |
| **वृष** | पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ । लगानी गर्दा सोचविचार दिनुहोस् । |
| **मिथुन** | कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुने सम्भावना छ । स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस् । |
| **कर्कट** | अधुरा काम पूरा हुनेछन् । साथीभाइसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ । |
| **सिंह** | आत्मविश्वास बढ्ने दिन छ । अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुन्छ । |
| **कन्या** | अध्ययन, अनुसन्धान तथा नयाँ योजना बनाउन अनुकूल समय छ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ । |
| **तुला** | दाम्पत्य तथा पारिवारिक सम्बन्धमा मधुरता आउनेछ । यात्राको सम्भावना देखिन्छ । |
| **वृश्चिक** | मेहनतको उचित प्रतिफल प्राप्त हुनेछ । बोलीमा संयम अपनाउनु लाभदायक हुनेछ । |
| **धनु** | नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा । खर्च बढ्न सक्ने भएकाले सावधानी अपनाउनुहोस् । |
| **मकर** | व्यवसाय र जागिरमा सकारात्मक प्रगति हुनेछ । स्वास्थ्यमा सामान्य सतर्कता आवश्यक छ । |
| **कुम्भ** | सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| **मीन** | धैर्य र संयमले सफलता दिलाउने दिन छ । पुरानो समस्या समाधानतर्फ अघि बढ्ने संकेत छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१६ साउन, २०८३ (०१ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५३.१६ | १५३.७६ |
| युरो | १ को | १७४.६० | १७५.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.२५ | २०५.०५ |
| स्विस फ्रैन्क | १ को | १८८.०१ | १८८.७४ |
| अस्ट्रेलियन डलर | १ को | १०७.२७ | १०७.६९ |
| क्यानाडियन डलर | १ को | १०८.५९ | १०९.०१ |
| सिङगापुर डलर | १ को | ११८.७५ | ११९.२२ |
| जापानी येन | १० को | ९.३७ | ९.४० |
| चिनियाँ युआन | १ को | २२.६४ | २२.७३ |
| साउदी अरब रियाल | १ को | ४०.८० | ४०.९६ |
| कतारी रियाल | १ को | ४२.०१ | ४२.१८ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.७० | ४१.८७ |
| मलेसियन रिङेट | १ को | ३७.४९ | ३७.६४ |
| दक्षिण कोरियन वन | १०० को | १०.४३ | १०.४७ |
| स्विडिस क्रोनर | १ को | १५.८२ | १५.८८ |
| डेनिस क्रोनर | १ को | २३.३६ | २३.४५ |
| हङकङ डलर | १ को | १९.५३ | १९.६१ |
| कुवेती दिनार | १ को | ४९७.६० | ४९९.५५ |
| बहराइन दिनार | १ को | ४०६.२१ | ४०७.८० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# ‘ती मुख्यमन्त्री, यी किराना साहुजी !’

टीकाराम सुनार/सुदूरपश्चिम





साहुजी, अण्डा दिनुस् न !

कलेज पोसाकमा रहेका एक विद्यार्थीको आवाज आउँछ । राजनीतिक गफलाई यही रोक्दै साहुजी सामान दिन जान्छन् । ‘हिजोको पनि बाँकी छ, त्यसैमा लेखिदिनुस्... !,’ ती विद्यार्थीको वाक्य नटुंगिँदै साहुजी मुस्कानसहित बोल्छन्, ‘ए, लेखिदिने ! हुन्छ ।’

साहुजी अघि उठेकै ठाउँमा फर्किन लागेको बेला फेरि आवाज आउँछ, ‘सर, केही सामान राख्नुछ ?’

‘अहिले होइन, दुई/तीन दिनपछि आउनुस् ल,’ साहुजीले उस्तै मुस्कानसहित उत्तर फर्काउँछन् ।

फेरि अर्को आवाज आउँछ, ‘साहुजी कति बोरा चामल ?’

साहुजीले आफ्नै शैलीमा भन्छन्, ‘चार बोरा मोटा, तीन बोरा मसिना !’

पसलमा राखिसकेपछि बिल थमाउँदै चामलवाला भन्छन्, ‘पैसा दिनुस् न, नभए चेक दिए नि हुन्छ ।’

‘चेक त दिने पैसा ?’

‘दिनु न दिनु !’

साहुजी जवाफ फर्काउँछन्, ‘हुन्छ, तर एक महिनापछि मात्रै साट्न जानु ल ।’

बिहानको समय, धनगढीको एउटा साधारण किराना पसलमा ग्राहकको आवतजावत सुरु भइसकेको छ । ग्राहक आउँछन् । सामान माग्छन् । काउन्टरभित्र बसेका साहुजी सामान तौलिन्छन्, बिल बनाउँछन्, मुस्कुराएर ग्राहकलाई बिदाइ गर्छन् । अलिकति फुर्सद भएमा फेरि राजनीतिक गफ सुरु हुन्छ, तर कुरा टुंगिन पाउँदैन । फेरि उही सिलसिला । सामान माग्ने, दिने !

एउटा पसलको यो दृश्य र साहुजीको विषय धेरैलाई सामान्य लाग्न सक्छ, तर केही वर्षअघि यही व्यक्ति प्रदेश सरकारको मुख्यमन्त्री थिए । कतै जाँदा अघिपछि सरकारी गाडीको लस्कर । सुरक्षा घेरा । एउटा निर्णयले हजारौं कर्मचारी र लाखौं नागरिकको जीवन प्रभावित हुने स्थानमा पुगेका व्यक्ति । आज उनको निर्णय ग्राहकको मागमा निर्भर छ । चामलको बोरा उठाउने कि, अण्डा दिने । दाल दिने कि अरू नै । ती व्यक्ति हुन्- सुदूरपश्चिमका संस्थापक मुख्यमन्त्री त्रिलोचन भट्ट ।

नेपालमा अधिकांश नेता र उच्च ओहदामा पुगेका व्यक्तिले विलासी र वैभवशाली जीवन बाँच्छन् भन्ने भाष्यबीच यी साहुजी अर्थात् पूर्वमुख्यमन्त्री भट्टले एउटा साधारण जिन्दगी बाँचिरहेका छन् । त्यसैले पनि धनगढी उपमहानगरपालिका-४ घरेलु चोकस्थित त्यो ‘न्यु प्रस्थान किराना पसल’ साधारण छैन । ‘राजनीति मेरो लागि सेवा हो, जीवन चलाउने माध्यम होइन,’ पूर्वमुख्यमन्त्री भट्टको यो भनाइ राजनीतिक भाषणमात्रै होइन, जीवनशैली नै बनेको छ ।

मुख्यमन्त्री हुनुअघि उनले राजनीति र खेती सँगै गर्थे । लामो समय त भारतमा काम गरेर बिताए । भट्ट संघीयता कार्यान्वयनका क्रममा २०७४ सालमा भएको पहिलो प्रदेशसभा निर्वाचनपछि कार्यकारी जिम्मेवारीमा पुगे । त्यसबेला ‘चौकीदार मुख्यमन्त्री’ भनेर चर्चासमेत भएको थियो ।

पदबाट बाहिरिएपछि उनले आफ्नो पहिलेकै जीवनतर्फ फर्किएका छन्, अर्थात् श्रम र राजनीतिसँगै गर्ने जीवनतर्फ । ‘कार्यकारी भूमिका निर्वाह गरेपछि तरकारीखेती गर्ने इच्छा थियो, जमिन छैन । भाडामा लिनसक्ने पुँजी भएन । ठूलो व्यापार गर्ने हैसियत थिएन,’ भट्टले भने, ‘अन्ततः एउटा सानो किराना पसलबाट नयाँ सुरुआत गर्ने निर्णय गरेँ । २०८२ वैशाखमा यो पसल सञ्चालन गरेको हुँ ।’ ठूलो लगानी थिएन । अचेल पनि अवस्था त्यही छ- अलिअलि सामान बेच्ने, फेरि किन्ने, फेरि बेच्ने । ‘सानैबाट सुरु गरौं भन्ने सोचबाट तीन/चार लाख रूपैयाँ लगानीमा यो पसल सञ्चालन भएको हो, अहिले पनि ठूलो बनाउन सकिएको छैन । हेरौं भविष्यमा के-के हुन्छ,’ उनी भन्छन् । भट्टको सपना केवल किराना पसल चलाउनुमात्रै होइन, सुदूरपश्चिमका रैथाने अन्न, अर्गानिक उत्पादन र स्थानीय किसानका वस्तुलाई बजारसँग जोड्ने केन्द्र बनाउने हो ।

> नेपालमा अधिकांश नेता र उच्च ओहदामा पुगेका व्यक्तिले विलासी र वैभवशाली जीवन बाँच्छन् भन्ने भाष्यबीच पूर्वमुख्यमन्त्री भट्टले एउटा साधारण जिन्दगी बाँचिरहेका छन् । त्यसैले पनि धनगढी उपमहानगरपालिका-४ घरेलु चोकस्थित त्यो ‘न्यु प्रस्थान किराना पसल’ साधारण छैन ।

> ‘सत्ता, शक्ति र सम्पत्तिका लागि जे पनि गर्ने मनोवृत्तिबाट राजनीति र शक्ति तथा पहुँचका भरमा आफ्नो काम जसरी पनि गराउनुपर्छ भन्ने आमप्रवृत्ति बदल्नैपर्छ । तबमात्रै हामीले सोचेको देश र समाज बन्छ ।’

लगानीले भने साथ दिएको छैन, तर सपना अझै जीवितै रहेको उनले सुनाए । लगानी नभएकाले व्यवसाय सानै छ । दैनिक हुने कारोबारले केहीले सामान थप्ने र केहीले परिवारका आवश्यकता पूरा गर्ने चक्र चलिरहेको छ । पूर्वमुख्यमन्त्री भट्टको जीवन पनि त्यही चक्रमा छ- सामान्य, तर स्वाभिमानी ।

## सानो व्यापार, ठूलो सन्देश

त्रिलोचन भट्ट २०६४ साल र २०७० सालको संविधानसभा निर्वाचनमा डोटीबाट चुनावमा पराजित भए । वि.सं. २०७४ को निर्वाचनमा भने डोटीको (ख) निर्वाचन क्षेत्रबाट प्रदेशसभा सदस्यमा निर्वाचित भए । तत्कालीन नेकपा माओवादी केन्द्रबाट चुनाव जितेका उनी सर्वसम्मत संसदीय दलको नेता र पाँच वर्ष मुख्यमन्त्री भए ।

नेपाली राजनीतिमा एउटा अनौठो संस्कार छ । एकपटकको नेता सधैंको नेता । कामभन्दा कुरा बढी । अनि अवसर पाएका बेला कमाइहालौं भन्ने सोच । उनले पनि पाँच वर्ष मुख्यमन्त्रीका रूपमा सरकारले दिएको सुविधा उपयोग गरे तर त्यसपछि के गर्ने भनेर कहिल्यै सोचेनन् । पाँच वर्ष महँगो गाडी चढे । राज्यसत्ता के हो भनेर बुझे तर पदमा नहुँदा के गर्ने ? ‘त्यसबारे कहिल्यै सोचिनँ । किनकि, मुख्यमन्त्रीबाट हटेपछि मैले बाँच्ने जिन्दगीबारे प्रस्ट थिएँ । त्यसैले मलाई मुख्यमन्त्रीको सेवासुविधा छुटेपछि पनि कहिल्यै असहज लागेन । अरू नागरिकसरह दिनचर्या चलिरहेको छ,’ पूर्वमुख्यमन्त्री भट्टले भने ।

आफू विगतदेखि नै काम गरी खाने श्रमजीवी नागरिककोबीचमै रहेकाले सरल जीवनबारे सधैँ गौरव रहेको उनी बताउँछन् । उनी भन्छन्, ‘मैले नजिकबाट देखेँ नि ! राज्यको जिम्मेवार पदमा गए पनि देशको आर्थिक अवस्था र दिइने सुविधाले सामान्य जीवन बाँच्नेभन्दा धरै चिज गर्न सकिँदैन, चाहे राष्ट्रपति हुनुस्, प्रधानमन्त्री वा मुख्यमन्त्री । तथापि, धेरैले रहरलाग्दो जिन्दगी बाँचिरहेका छन् । त्यसैले पनि अधिकांश नेता आलोचित छन् । मेरो प्रस्ट कुरा भनेको नेता होस् या जोसुकैले आफ्नो र परिवारको जीवन चलाउन केही न केही गर्नैपर्छ ।’

भट्टसँग न आफ्नै घर छ न गाडी । आफ्नै जग्गासमेत छैन । ‘गाउँमा रहेको पुर्ख्यौली सम्पत्ति पनि चार दाजुभाइको साझा छ । मेरो व्यक्तिगत केही छैन,’ उनी भन्छन् । यो वाक्य नेपाली राजनीतिमा सामान्य सुनिदैन, किनभने यही देशमा केही महिनाको सत्ताले करोडौंको सम्पत्ति जोडेको चर्चा सामान्य विषय बनिरहेको छ ।

पूर्वमुख्यमन्त्री भट्ट पनि अचम्म मान्दै भन्छन्, ‘केही महिना र वर्ष कार्यकारी पदमा बसेर टन्न सम्पत्ति कमाएका मानिस देख्दा म सोचिरहन्छु- कसरी सम्भव भयो ? यो प्रश्न एक व्यक्ति, नेता वा पार्टी प्रणालीका लागिमात्र नभई सम्पूर्ण सामाजिक तथा राजनीतिक संस्कृतिका लागि पनि हो ।’ उनको बुझाइमा समस्या राजनीतिमामात्रै होइन, सामाजिक मनोविज्ञानमा पनि छ । ‘जनताले पनि मेरो नेताले पदमा हुँदा जसरी भए पनि आफ्नो काम गरिदेओस् । नेताले नेताको जस्तो जिन्दगी बाँच्नसक्नुपर्छ नि भन्छन् । इमान, नीति, नियमको कुरा गरेमा तिनैले यस्तो पनि नेता भनेर कुरा काट्छन्,’ भट्टको भोगाइ बोल्छ ।

उनी यहीँ दोहोरो चरित्रको बीचमा आफू उभिएको बताउँछन् । ‘कतिपयले मलाई देखेर विचरा ! पाँच वर्ष मुख्यमन्त्री भयो, अहिले पसल चलाइरहेको छ । आफ्नै लागि केही गरेको रहेनछन् अनि कसरी अरूका लागि गर्थे भनेर कुरा काट्छन्,’ पूर्वमुख्यमन्त्री भट्ट यस्तो प्रवृत्तिप्रति खिन्नता प्रकट गर्छन् । उनी आफूलाई कहिल्यै पनि विचरा मान्दैनन् । बरू समाजलाई एउटा प्रश्न सोध्छन्, ‘विचरा ! जीवन भनेको आखिर के हो ?’ उनको उत्तर सरल छ । ‘इमानले बाँचेको जीवन नै महान् हुन्छ । त्यसैले म अहिले बाँचेको जीवनमै खुसी छु । कार्यकारी पदमा हुँदा पनि राजनीतिक रूपमा कसैले टीकाटिप्पणी गर्नेबाहेक मेरो आर्थिक चरित्रमाथि कसैले प्रश्न उठाउन सकेनन् । यही नै मेरो सबैभन्दा ठूलो पुँजी हो,’ पूर्वमुख्यमन्त्री भट्ट प्रसन्नता प्रकट गर्छन् ।

क्रमशः पृष्ठ ५ मा

# महागंगा आरती: साँझलाई बनाउँदै आध्यात्मिक उत्सव

राजु विश्वकर्मा/जनकपुरधाम



साँझको ७:३० बजेको समय । जनकपुरधामस्थित गंगासागर पोखरीको किनारमा घाम अस्ताउन लागेपछि वातावरण विस्तारै भक्तिमय बन्दै जान्छ । शङ्ख्वनि गुञ्जिन थाल्छ, घण्टनादले परिसर जुञ्जायमान हुन्छ र वैदिक मन्त्रको उच्चारणसँगै दीपको उज्यालो पानीको सतहमा छचल्किन थाल्छ ।

आरती हेर्न गंगासागर पुगेका सयौं श्रद्धालु हात जोडेर भक्तिभावमा मग्न हुन्छन् । कतिपयले दीप प्रज्ज्वलन गरी आरतीमा सहभागी हुन्छन् भने कतिपयले शान्त भावले सम्पूर्ण दृश्यावलोकन गर्दै आध्यात्मिक आनन्द लिन्छन् ।

पछिल्लो समय जनकपुरधामस्थित ऐतिहासिक तथा धार्मिक गंगासागर पोखरीको सन्ध्याकालीन महागंगा आरती आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि आकर्षको केन्द्र बन्दै गएको छ । प्रत्येक दिन साँझको समयमा हुँदै आएको महागंगा आरती हेर्न आन्तरिक तथा बाह्य पर्यटकहरूको घुइँचो लाग्ने गरेको छ । विगत १२ वर्षदेखि सञ्चालित महागंगा आरतीमा आन्तरिकसँगै छिमेकी मुलुक भारत तथा अन्य मुलुकहरूबाट समेत पर्यटकहरू आउने गरेको ‘सेभ हिस्टोरिकल जनकपुरधाम’का संस्थापक संयोजक तथा मधेस प्रदेशसभाका सभामुख रामाशिष यादवले जानकारी दिए ।

भारतको बनारस, हरिद्वार, बनारसलगायतका स्थानमा हुने आरतीझैँ महागंगा आरती हुने गरेकाले पनि दैनिक महागंगा आरती दर्शनका लागि पर्यटकहरूको आगमन बढेको उनको भनाइ छ । ‘सुरुसुरुमा थोरै संख्यामामात्र पर्यटकहरू आउने गर्थे,’ महागंगा आरती समितिका अध्यक्ष राजकुमार महासेठले भन्छन्, ‘अहिले महागंगा आरती दर्शनका लागि दैनिक ४०० देखि ५०० को संख्यामा आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् । विशेष चाडपर्वका बेला त त्योभन्दा बढी नै श्रद्धालुहरू आउँछन् ।’

हरेक साँझ सञ्चालन हुने गंगा आरतीमा स्थानीयवासी, आन्तरिक पर्यटक तथा भारतका विभिन्न स्थानबाट आएका श्रद्धालुहरूको सहभागिता बढ्दै गएको छ । जानकी मन्दिरको दर्शनपछि गंगासागरमा पुगेर आरतीमा सहभागी हुने वा त्यसको अवलोकन गर्ने क्रम बढ्दै जाँदा जनकपुरधामको धार्मिक पर्यटनले पनि नयाँ गति पाएको देखिन्छ ।

गंगासागर जनकपुरधामका ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेका पोखरीमध्ये एक हो । जनविश्वासअनुसार यसको धार्मिक महत्त्व प्राचीनकालदेखि रहिआएको छ । यही ऐतिहासिक महत्त्वलाई थप जीवन्त बनाउने उद्देश्यले नियमित गंगा आरती सञ्चालन हुन थालेपछि गंगासागर साँझको समयमा श्रद्धा, संस्कृति र पर्यटनको केन्द्रका रूपमा विकसित भएको जनकपुरधाम उपमहानगरपालिकाका पूर्वउपाध्यक्ष अम्बोकुमार साह बताउँछन् ।

‘साँझमा आरती सुरु हुनुभन्दा केही समयअघि नै श्रद्धालुहरू गंगासागर परिसरमा जम्मा हुन थाल्छन्,’ पूर्वउपाध्यक्ष साह भन्छन्, ‘कोही परिवारसहित आउँछन् भने कोही साथीभाइसँग । कतिपय श्रद्धालु भारतको सीतामढी, मधुबनी, दरभंगा, सुपौल, मुजफ्फरपुरलगायत क्षेत्रबाट जनकपुरधाम भ्रमणका क्रममा आरती हेर्न आउने गरेका छन् ।’ दर्शन गर्न आउनेहरू जानकी मन्दिरको दर्शनपछि साँझ गंगासागरमा पुगेर दीप प्रज्ज्वलन गर्नुलाई आफ्नो धार्मिक यात्राको महत्त्वपूर्ण हिस्सा मान्ने गरेको उनको भनाइ छ ।

आरतीका क्रममा शंख, घण्टी, डमरू र वैदिक मन्त्रको सम्मिश्रणले सम्पूर्ण वातावरण आध्यात्मिक बनाउने गर्दछ । दीपको उज्यालोले पोखरीको पानीमा देखिने प्रतिविम्बले उपस्थित सबैलाई आकर्षित गर्छ । यही दृश्य कैद गर्न धेरै श्रद्धालु मोबाइल र क्यामरा बोकेर पुग्ने गरेका छन् । सामाजिक सञ्जालमा गंगा आरतीका तस्बिर र भिडियो व्यापकरूपमा साझा हुन थालेपछि यसको लोकप्रियता अझ बढेको स्थानीयवासी बताउँछन् ।

> आरतीका क्रममा शंख, घण्टी, डमरु र वैदिक मन्त्रको सम्मिश्रणले सम्पूर्ण वातावरण आध्यात्मिक बनाउने गर्दछ । दीपको उज्यालोले पोखरीको पानीमा देखिने प्रतिविम्बले उपस्थित सबैलाई आकर्षित गर्छ । यही दृश्य कैद गर्न धेरै श्रद्धालु मोबाइल र क्यामरा बोकेर पुग्ने गरेका छन् । सामाजिक सञ्जालमा गंगा आरतीका तस्बिर र भिडियो व्यापकरूपमा साझा हुन थालेपछि यसको लोकप्रियता अझ बढेको स्थानीयवासी बताउँछन् ।

धार्मिक अभियन्ता जंगबहादुर सिंहका अनुसार गंगा आरती कुनै धार्मिक अनुष्ठानमात्र नभई सनातन संस्कृति, सामाजिक सद्भाव र प्रकृतिप्रतिको सम्मानको सन्देश दिने अभियान पनि हो । आरतीमा जात, भाषा, क्षेत्र वा वर्गको विभेद नहुने भएकाले सबै समुदायका मानिस सहजरूपमा सहभागी हुने गरेको उनको कथन छ । यसले धार्मिक सहिष्णुता र सामाजिक एकतालाई समेत मजबुत बनाएको छ ।

पछिल्लो समय युवापुस्ताको सहभागिता पनि उल्लेखनीयरूपमा बढेको देखिन्छ । आधुनिक जीवनशैली र डिजिटल प्रविधिको प्रभावबीच धार्मिक तथा सांस्कृतिक गतिविधिमा युवाको आकर्षण घट्दै गएको चर्चा भइरहेका बेला गंगा आरतीले उनहरूलाई आफ्नो संस्कृति र परम्परासँग जोड्न सफल भएको स्थानीयको अनुभव छ । धेरै युवा स्वयंसेवक व्यवस्थापन, सरसफाइ, श्रद्धालुलाई सहयोग तथा सामाजिक सञ्जालमार्फत कार्यक्रमको प्रचारप्रसारमा सक्रिय देखिन्छन् । पर्यटकको आकर्षकको केन्द्र बन्दै गएको महागंगा आरती जनकपुरधामको आर्थिक समृद्धि र व्यापारिक विकासको माध्यमसमेत बनेको स्थानीय व्यापारीहरू बताउँछन् ।

महागंगा आरती जनकपुरधामको समृद्धिका लागि महत्त्वपूर्ण कोसेढुंगा बनेको जनकपुरधामका व्यापारी शम्भु साह बताउँछन् । कुनै बेला फोहरको डंगुरका कारण दुर्गन्धित बनेको पवित्र गंगा सागर पोखरीको सरसफाइसँगै २०७१ जेठ २५ गतेदेखि सुरु भएको महागंगा आरतीले नयाँ रौनकता थपेको उनको भनाइ छ ।

क्रमशः पृष्ठ ५ मा

# सामाजिक सद्भाव कायम गर्न सद्भाव र्‍याली

■ प्रभाव संवाददाता

**काठमाडौं–** सामाजिक सद्भाव कायम गर्न देशका विभिन्न जिल्लामा सद्भाव र्‍याली आयोजना गरिएको छ । यही क्रममा पर्साको वीरगञ्जमा शुक्रबार सर्वदलीय, सर्वपक्षीय सद्भाव र्‍याली आयोजना गरिएको छ । जिल्ला प्रशासन कार्यालय पर्साबाट निस्केको र्‍याली घण्टाघर पुगेर सम्पन्न भएको थियो ।

सुनसरीको कप्तानगञ्ज घटनापछि मधेस प्रदेशका विभिन्न जिल्लामा बढ्दो समस्याकाबीच पर्सामा शान्ति, सुरक्षा र सद्भाव कायम राख्ने उद्देश्यले सद्भाव र्‍याली निस्केको पर्सा क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य हरि पन्तले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालय पर्साको आयोजनामा निस्केको सद्भाव र्‍यालीमा पर्सा-१ का सांसद पन्तसहित क्षेत्र नं २ का सांसद सुशीलकुमार कानु, क्षेत्र नं ३ का सांसद रामाकान्त चौरसिया, वीरगञ्ज महानगरपालिकाका कार्यवाहक मेयर इम्तियाज आलम तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।




## चितवनमा सद्भाव र्‍याली

चितवनको भरतपुर महानगरपालिकाले शुक्रबार सद्भाव र्‍यालीको आयोजना गरेको छ । भरतपुरको चौबीसकोठीबाट पुलचोकसम्म आयोजना गरिएको सद्भाव र्‍यालीपछि जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक विविधताबीच एकतामा बाँधिएको मुलुकका रूपमा रहेका बताए ।

पछिल्लो समय सुनसरी, सिरहालगायत देशका विभिन्न जिल्लामा देखिएका घटनाप्रति चिन्ता व्यक्त गर्दै उनले समाजमा आपसी विश्वास, सहिष्णुता र सामाजिक एकतालाई थप मजबुत बनाउन सबैलाई आग्रह गरे । भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले शान्ति, सद्भाव र एकताका लागि शान्तिपूर्ण ऐक्यबद्धता र सहकार्य आवश्यक रहेको बताए । नेपाल विविधताले सम्पन्न बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक राष्ट्र भएकाले यही विविधता राष्ट्रिय एकताको आधारका रूपमा रहेको बताए ।

र्‍यालीमा प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, जिल्लाका राजनीतिक दलका प्रतिनिधि, विभिन्न धार्मिक तथा सामाजिक संघसंस्थाका अगुवा, नागरिक समाज, सुरक्षाकर्मी तथा सर्वसाधारणको सहभागिता थियो ।

## सामाजिक सद्भाव र एकता कायम गर्ने सर्वपक्षीय प्रतिबद्धता

कास्कीमा धार्मिक, जातीय एवं साम्प्रदायिक सद्भाव कायम राख्न सम्बद्ध सबै पक्षले सक्रिय पहल गर्ने प्रतिबद्धता जनाएका छन् । जिल्ला प्रशासन कार्यालय कास्कीमा शुक्रबार आयोजित सर्वपक्षीय समन्वय बैठकमा विभिन्न जातजाति, धर्म, संस्कृति र समुदायबीचको जीवन्त एकता र सामाजिक सद्भावलाई अझ दरिलो बनाउँदै यस्तो सद्भावलाई भड्काउने खालका कुनै पनि गतिविधिमा संलग्न नहुने प्रतिबद्धता गरिएको हो ।

यस्ता क्रियाकलापमा संलग्न जो कोहीलाई कानुनी कारबाहीको दायरामा ल्याउन सबै पक्षले स्थानीय प्रशासनलाई सहयोग गर्ने निर्णय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । बैठकले सार्वजनिकस्थलमा कार्यक्रम गर्नुअघि स्थानीय प्रशासनको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्थालाई कडाइपूर्वक पालना गर्ने निर्णय गरेको छ ।

यस्तै विभिन्न धार्मिक अगुवा, धर्मगुरुहरूले आ-आफ्नो धर्म, संस्कृतिअनुसार आयोजना गरिने कार्यक्रममा धार्मिक सहिष्णुता कायम राख्नेगरी प्रवचन दिन सबैमा आग्रह गरिएको छ । प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङको अध्यक्षतामा बसेको बैठकमा राजनीति दल, जनप्रतिनिधि, सुरक्षा निकाय, धार्मिक अगुवा, विभिन्न संघसंस्था, नागरिक समाजलगायत सरोकार भएका पक्षहरूको सहभागिता रहेको थियो ।

## हेटौंडामा आज सद्भाव र्‍याली गरिने

बागमती प्रदेशको राजधानी तथा मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडामा शनिबार बृहत् सद्भाव र्‍याली आयोजना गरिने भएको छ । सुनसरी, सिरहासहित तराई-मधेसका जिल्लामा भएका घटना र त्यसपश्चात् भइरहेका प्रदर्शनका कारण प्रतिकूल अवस्था सिर्जना हुन नदिन र सम्पूर्ण समुदायबीच आपसी सद्भाव, मेलमिलाप, भाइचारा तथा सहिष्णुता कायम राख्न हेटौंडामा बृहत सामाजिक सद्भाव र्‍याली गर्न लागिएको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका तर्फबाट सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले आज हुने सद्भाव र्‍यालीमा सहभागिताका लागि सबैलाई आह्वान गरे । आज दिउँसो ४:०० बजे हेटौंडा उपमहानगरपालिका-४ हुप्राचौरमा जम्मा भई बृहत् सामाजिक सद्भाव र्‍याली गर्न लागिएको जनाउँदै उनले सहभागिताका लागि सबैलाई अपिल गरे ।

सम्पूर्ण धार्मिक संघसंस्थाका अगुवा तथा प्रतिनिधि, विभिन्न धर्मसंस्कृतिमा आस्था राख्ने धर्मावलम्बीहरू, जिल्लास्थित राजनीतिक दल, जनप्रतिनिधिहरू, विभिन्न हितसमूहहरू, अधिकारकर्मीहरू, आमसञ्चारकर्मी, टोल विकास संस्था, गैरसरकारी संस्था, नागरिक समाज, सुरक्षा निकाय, सरकारी निकायका कर्मचारीलगायत आमजनसमुदायको सहभागितामा र्‍यालीलाई सफल बनाउन पनि प्रशासनले सबैमा अनुरोध गरेको छ ।

# सामाजिक सद्भाव कायम राख्न सबै पक्षले समन्वय र सहकार्य गर्ने निर्णय

**जनकपुरधाम–** जनकपुरधामसहित धनुषाका विभिन्न स्थानमा भइरहेका प्रदर्शनलाई दृष्टिगत गरी सर्पक्षीय सद्भाव समितिले सामाजिक सद्भाव कायम राख्न सबै पक्षबीच समन्वय र सहकार्य गरिने निर्णय गरेको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाको पहलमा शुक्रबार बसेको सर्वपक्षीय सद्भाव समितिको बैठकले सुनसरी घटनापश्चात् धनुषामा उत्पन्न शान्ति, सुरक्षाको अवस्थाको समीक्षा गर्दै सामाजिक सद्भाव कायम राख्न सबै पक्षबीच आवश्यक समन्वय र सहकार्य गर्ने निर्णय गरेको हो ।

बैठकले जिल्लाको शान्ति, सुरक्षा र सामाजिक सद्भाव सुदृढ बनाउन सबै पक्षबीच समन्वय र सहकार्य गर्ने निर्णय गरेको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए । बैठकले जनकपुरधामसहित जिल्लाभर समाजिक सद्भाव, शान्ति, सुरक्षा र अमनचयन कायम राख्न सबै धर्म, समुदायका अगुवा, नागरिक समाज, बुद्धिजीवी, राजनीति दल, संघसंस्था, स्थानीय तहका जनप्रतिनिधि तथा सञ्चारकर्मीले आ-आफ्नो क्षेत्रबाट सक्रिय भूमिका निर्वाह गर्ने निर्णय गरेको छ ।

साथै नागरिकबीच आपसी सद्भाव, भाइचारा र धार्मिक सहिष्णुता कायम गर्न आवश्यक पहल र सहयोग गर्न सबै सरोकार भएका निकायसँग आग्रह गरिएको छ । यस्तै विभिन्न धर्म, जातजाति, भाषाभाषी तथा समुदायबीच आपसी सद्भाव, भाइचारा र धार्मिक सहिष्णुता प्रवर्द्धनका लागि जनकपुरधाममा सद्भाव र्‍याली आयोजना गर्ने निर्णय पनि बैठकले गरेको प्रजिअ लुइँटेलले जानकारी दिए । बैठकमा सुरक्षा निकायका प्रमुख, राजनीति दलका प्रतिनिधि, धर्म गुरूहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिलगायतको उपस्थिति थियो । *रासस*

**बागमती प्रदेश सडक दुर्घटना**

# चितवनमा सबैभन्दा धेरै, रामेछापमा कम

**चितवन–** बागमती प्रदेशका १० जिल्लामा एक हजार ९२४ सडक दुर्घटना भएका छन् । गत आर्थिक वर्षमा काठमाडौं उपत्यकाबाहेकका प्रदेशका ती जिल्लामा सो सङ्ख्यामा दुर्घटना भएका हुन् । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगरका अनुसार गत आवमा प्रदेशका १० जिल्लामध्ये चितवनमा सबैभन्दा धेरै दुर्घटना भएका छन् । चितवनमा ५४५ दुर्घटना भएको कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख प्रहरी उपरीक्षक डिल्लीनारायण पाण्डेका अनुसार सबैभन्दा कम दुर्घटना हुने जिल्लाका रूपमा रामेछाप रहेको छ । सो जिल्लामा एक वर्षमा ४७ दुर्घटना भएका छन् । प्रदेशभित्र दुर्घटनाका हिसाबले मकवानपुर दोस्रो, धादिङ तेस्रो, सिन्धुली चौथो स्थानमा छन् ।

यस्तै, काभ्रे, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक र रामेछाप क्रमशः छन् । एक वर्षमा भएका दुर्घटनामध्ये मुख्य राजमार्गमा धेरै दुर्घटना भएको उनले जानकारी दिए ।

उनका अनुसार मुख्य राजमार्गमा एक हजार ११४, ग्रामीण सडकमा ५३९ र सहरी क्षेत्रमा २७१ दुर्घटना भएका छन् । प्रदेशभित्र सवारी दुर्घटना दिनको १२:०० बजे देखि साँझको ६:०० बजेसम्म बढी दुर्घटना भएका छन् । प्रमुख पाण्डेका अनुसार सो समयमा ७४० दुर्घटना भएका छन् । साँझ ६:०० बजेदेखि राति १२:०० बजेसम्म ५७२ वटा, बिहान ६:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ४९४ र राति १२ बजेदेखि बिहान ६:०० बजेसम्म ११८ सवारी दुर्घटना भएका छन् ।

कार्यालयको तथ्यांकअनुसार प्रदेशका १० जिल्लामा भएका दुर्घटनामा परी एक वर्षमा ३४० जनाले ज्यान गुमाएका छन् भने तीन हजार ७६३ जना घाइते भएका छन् । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## ती मुख्यमन्त्री....

हुन त उनलाई राजनीतिले अर्को पाठ पनि नसिकाएको होइन, आर्थिकरूपमा कमजोर राजनीतिज्ञको वरिपरि धेरै भिड हुँदैन, किनकि हाम्रो राजनीतिक संस्कृतिमा शक्ति र स्रोतलाई नै प्रभावको मापन मान्ने प्रवृत्ति अझै बलियो छ । तथापि, भट्ट त्यसलाई स्वीकार्दैनन् । उनी भन्छन्, 'राजनीति सिद्धान्त, निष्ठा, इमान र जनविश्वासले टिक्नुपर्छ । यद्यपि, त्यो विश्वासलाई हामीले जोगाउन सकिरहेका छैनौं ।'

उनको परिवारमा छ जना छन् । श्रीमती, दुई छोरी, एक छोरा र बुहारी । सबैले पसलमा हात बाँड्छन् । व्यवसाय ठूलो छैन, तर श्रम साझा छ । आम्दानी थोरै छ, तर इमानको मूल्य धेरै छ । 'इमान्दारीको रोटी सबैभन्दा मिठो हुन्छ । त्यो कुरा मेरो परिवारले पनि बुझेको छ । गत भदौको 'जेन-जी' आन्दोलनले थप बुझाएको छ,' भट्ट भन्छन्, 'त्यसताका परिवारमा कुरा चलेको थियो, इमानमाथि प्रश्न बाँकी राखेर बनाइएका घर त जल्दा रहेछन्, हामीले त्यसरी बनाएको भए पनि आखिर जलिहाल्दो त रहेछ !'

एउटा सानो किराना पसल, तर त्यो पसलमा बेचिने सामानसँगै एउटा महत्त्वपूर्ण सन्देश पनि छ- सत्तापछि पनि जिन्दगी हुन्छ, तर त्यो इमानमा टिक्न सक्नुपर्छ । आजको हरेक नेतृत्वले यो सन्देश प्रवाह गर्न आवश्यक रहेको भट्टको कथन छ । 'किनकि, लोकतन्त्रलाई जीवन्त बनाउने र नेताको कद ठूलो बनाउने कुर्सीले होइन, कुर्सीमा छँदा उसले गरेको कर्म र कुर्सी छोडेपछि उसले बाँचेको जीवनले हो । मेरो प्रयत्न त्यसैका लागि हुने छ,' उनले भने ।

### राजनीतिका कुरा

देशमा राजनीतिक उथलपुथलको अवस्था छ । गत फागुनको निर्वाचनबाट पुराना राजनीतिक दलको अस्तित्वमाथि नै प्रश्न उठेको छ । तथापि, तीनै दलहरूले आफ्नो अस्थित्व भएको ठाउँमा सरकार फेरिइरहने र गठबन्धन बदलिइरहने प्रवृत्ति छोडेका छैनन् । यस्तो प्रवृत्तिबाट उन खिन्न छन् । इतिहास बोकेका पार्टीले समयको वेग र आफ्नो राजनीतिक धरातल बिर्सिएमा पार्टीमात्र नभई संघीय व्यवस्थाकै भविष्यमाथि चुनौती थपिनेमा सचेत हुनुपर्ने पूर्वमुख्यमन्त्री भट्टको सुझाव छ ।

'तपाईं हामी कुरा गरिरहेको बेला सुदूरपश्चिम प्रदेश बजेट शून्यताको अवस्थामा छ । पहिलो कार्यकालमा हामीले सबै चुनौतीको सामना गर्दै एउटा थिति बसालेर सत्ता हस्तान्तरण गरेका थियौं । त्यसैले दोस्रो कार्यकालको सहज अवस्थामा पनि अपेक्षित काम भएका छैनन् । यो दल र व्यवस्थाकै लागि विडम्बनाको विषय हो,' पूर्वमुख्यमन्त्री भट्टले भने । उनी नयाँ राजनीतिक दलले सकारात्मक ऊर्जा र उत्साह दिन नसके नेपाली राजनीतिको भविष्य नै संकटमा पर्ने बताउँछन् । 'वर्षौंवर्ष त्याग, सिद्धान्त र निष्ठाको जीवन बाँचेका नेताहरू कालान्तरमा बदनाम भए । पछिल्लो समय त सजिलै राजनीतिमा आएका नेताहरू छन्, उनीहरू चाँडै त्यसो नहोलान् भन्न सकिन्न । त्यसैले नेपाल र नेपालीको सुन्दर भविष्यका लागि पनि सबै स्वार्थ छोडेर नयाँ पुराना सबै सचेत हुनुपर्ने आवश्यकता छ,' नेपाली कम्युनिस्ट पार्टी सुदूरपश्चिमका सहइन्चार्जसमेत रहेका भट्ट भन्छन् ।

उनीमात्रै होइन, नेपालको राजनीतिमा यस्तै अरू व्यक्तिका कथा पनि छन्, तर ती अल्पमतमा छन् । त्यसैले धनगढीको त्यो सानो किराना पसल अचेल केवल व्यापार गर्ने ठाउँमात्रै होइन, एउटा महत्त्वपूर्ण सन्देश दिने ठाउँ बनिरहेको छ । नेता कार्यकर्ताका जीवन, उठनबसन, तडकभडकलगायत कुराले थुप्रिएको आक्रोश विष्फोट हुने क्रम बढेकाले अब हरेक अगुवाले इमानको जीवन बाँच्नुपर्ने र त्यो सन्देश सही ढंगले प्रवाह गर्नुपर्ने पूर्वमुख्यमन्त्री भट्टको भनाइ छ ।

'सत्ता, शक्ति र सम्पत्तिका लागि जे पनि गर्ने मनोवृत्तिबाट राजनीति र शक्ति तथा पहुँचका भरमा आफ्नो काम जसरी पनि गराउनुपर्छ भन्ने आमप्रवृत्ति बदल्नैपर्छ । तबमात्रै हामीले सोचेको देश र समाज बन्छ,' उनी भन्छन् । *रासस*

## महागंगा आरती...

पहिलो आरती नेपालका लागि तत्कालीन भारतीय राजदूत रञ्जित रे तथा ब्रह्माकुमारी राजयोग केन्द्रका सञ्चालिका गंगा माताले गरेका थिए । त्यसयता पूर्वराष्ट्रपति डा. रामवरण यादव, भारत विहारका उपमुख्यमन्त्री सुशील मोदी, भारत, अमेरिका, श्रीलंका, थाइल्यान्डलगायतका देशका राजदूत, सभामुख, राष्ट्रियसभा अध्यक्ष, न्यायाधीश, प्रहरी र सेनाका उच्च पदाधिकारीहरू पनि गंगा आरतीमा सहभागी भइसकेका छन् ।

धार्मिक र सांस्कृतिक इतिहास बोकेको जनकपुरधाममा 'ग्रिन जनकपुर, क्लिन जनकपुर' अभियानअन्तर्गत गंगासागर पोखरीको सरसफाइसँगै महागंगा आरती सुरु गरिएको 'सेभ हिस्टोरिकल जनकपुरधाम'का संस्थापक संयोजक तथा प्रदेशसभाका सभामुख यादव बताउँछन् । 'अभियानकै क्रममा जनकपुरका युवा तथा अभियानीहरूको साथ लिएर गंगासागर पोखरीको सरसफाइ र सौन्दर्यीकरण गर्‍यौं,' सभामुख यादव भन्छन्, 'पोखरीको सरसफाइ गर्न करिब एक वर्ष लाग्यो, त्यसपछि महागंगा आरती सुरु गरिएको र अहिले त्यो निरन्तर जारी छ ।' यस अभियानअन्तर्गत जनकपुरधाम तथा चुरे क्षेत्रमा गरी हालसम्म करिब एक लाखभन्दा बढी बोटबिरुवा रोपिएको उनको भनाइ छ ।

सुरुमा बनारसको पुजारीबाट मिथिलाका पुजारीलाई आरतीसम्बन्धी प्रशिक्षण दिई गंगासागर पोखरीमा महागंगा आरती सुरु गरिएको थियो । सुरुमा एक जना पुजारीबाट मात्र महागंगा आरतीमा अहिले तीन जना पुजारीबाट आरती हुँदै आएको छ । महागंगा आरतीको क्रममा हुने मन्त्रजपले श्रद्धालुहरूलाई थप आकर्षित बनाउने गरेको छ । साहित्यकार डा. राजेन्द्र विमलद्वारा लिखित तथा सुनिल मल्लिकद्वारा गायन गरिएको महागंगा आरती भजन सुनेर श्रद्धालुहरू थप उत्साहित हुने गरेका छन् ।

जनकपुरधामको गंगा आरतीमा गंगाको स्तुतिमात्र नभई सबै देवीदेवताको मन्त्र जप हुने गरेकोले यसको विशेष महत्त्व रहेको महागंगा आरती समितिका अध्यक्ष महासेठ बताउँछन् । 'पर्यटन व्यवसायीका अनुसार जनकपुरधाम आउने धेरै पर्यटक पहिले दिनमै दर्शन गरेर फर्किने गर्थे,' अध्यक्ष महासेठ भन्छन्, 'अहिले साँझको गंगा आरती हेर्नका लागि धेरैले आफ्नो बसाइ लम्ब्याउन थालेका छन्, यसले होटलको 'अकुपेन्सी' बढेको छ ।'

धार्मिक पर्यटनका जानकार सरोज कर्णका अनुसार गंगा आरतीलाई जनकपुरधामको 'साँझको सांस्कृतिक पहिचान' का रूपमा विकास गर्न सकिने सम्भावना छ । भारतका वाराणसी, हरिद्वार र उज्जैनजस्ता धार्मिक सहरमा नियमित आरतीले अन्तर्राष्ट्रियस्तरको पर्यटन आकर्षित गरेझैं जनकपुरधाममा पनि योजनाबद्ध प्रवर्द्धन गर्नसके धार्मिक पर्यटनले थप उचाई लिन सक्ने उनीहरूको धारणा छ । त्यसका लागि पूर्वाधार विस्तार, व्यवस्थित व्यवस्थापन, नियमित प्रचारप्रसार र पर्यटकमैत्री सेवा आवश्यक रहेको स्थानीय बुद्धिजीवी कर्ण बताउँछन् ।

गंगासागर परिसरको सौन्दर्यीकरण, सरसफाइ, प्रकाश व्यवस्था, बस्ने स्थान, शौचालय, पार्किङ, सुरक्षा तथा सूचना केन्द्रको व्यवस्थापनमा थप सुधार गर्नसके श्रद्धालु र पर्यटकको अनुभव अझ प्रभावकारी बन्ने स्थानीयवासीको सुझाव छ । विशेषगरी ठूलो भीड हुने दिनमा स्वयंसेवक परिचालन, ट्राफिक व्यवस्थापन र स्वास्थ्य सहायता केन्द्र सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

जनकपुरधाम वर्षभरि विभिन्न धार्मिक तथा सांस्कृतिक पर्वले जीवन्त रहने सहर हो । रामनवमी, विवाहपञ्चमी, छठ, होली, झिझिया, सामाचकेवालगायतका पर्वले यहाँको सांस्कृतिक विविधतालाई झल्काउँछन् । गंगा आरतीले ती परम्परागत पर्वबाहेक दैनिकरूपमा धार्मिक गतिविधिको निरन्तरता दिएको छ । यसले जनकपुरधामलाई पर्वका बेलामात्र होइन, हरेक दिन पुग्न सकिने धार्मिक गन्तव्यका रूपमा परिचित गराउन सहयोग पुर्‍याएको छ ।

गंगा आरतीमा सहभागी हुँदा मनमा शान्ति, सकारात्मक ऊर्जा र आध्यात्मिक सन्तुष्टि प्राप्त हुने अनुभूति हुने गरेको नियमित गंगा आरतीमा सहभागी हुँदै आएका पंकज महतो बताउँछन् । दैनिक जीवनको व्यस्तता र तनावबाट केही समय अलग भएर धार्मिक वातावरणमा बिताउने अवसरका रूपमा पनि धेरैले यसलाई लिने गरेका छन् । *रासस*

**मलेसियामा रोजगार** कम्पनी : MY HERO HYPERMATKET SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१५ | LT. No. 338585 | चलानी नं. ६०२५१९२८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 1700 | ६३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ साउन २३ गते (8th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.
श्रम इजाजत नं. ३११/०५९/०६०
वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

**कुवेतमा रोजगार** कम्पनी : NATHRI O NATEI AL KUWAITI RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/१५ | LT. No. 345759 | चलानी नं. ६०२५८०५५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: KD | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew | 4 | 0 | 120 | ५९,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ साउन २३ गते (8th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VENUS | श्रम इजाजत नं. १८४८/०८२/०८३
Venus Recruitment Services Pvt Ltd
Sinamangal-9, Kathmandu, Nepal
Phone No. +977-1-5927521, E-mail : vrs.nepal@gmail.com, info@venusrecruitment.com.np

**युएइमा रोजगार** कम्पनी : NARESCO CONTRACTING OWNED BY ABDULLA ABDULKARIM ALARIF ONE PERSON COMPANY L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१५ | LT. No. 313564 | चलानी नं.६०२२७९८१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 31 | 0 | 1000 | ४१,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 39 | 0 | 1200 | ४९,७९५ | | | | | | | |
| 3 | Mason | 24 | 0 | 1200 | ४९,७९५ | | | | | | | |
| 4 | Carpenter | 38 | 0 | 1200 | ४९,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ साउन २३ गते (8th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 980-4369070
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१

**मलेसियामा रोजगार** कम्पनी : BUMI TUNGGAL SDN. BHD. Address: Jalan

पूर्व स्वीकृति मिति : २०८३/०४/०५ | LT. No. 344773 | चलानी नं. ६०२५८५७५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commerical Cleaners | 50 | 0 | 1700 | ६३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HOT BOWL PLT Address: Jalan

पूर्व स्वीकृति मिति : २०८३/०४/१२ | LT. No. 345650 | चलानी नं. ६०२५९११६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOK (RESTAURANT) | 1 | 0 | 1700 | ६३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HIGH VALLEY CONTRACT MANUFACTURING SDN BHD Address: Jalan

पूर्व स्वीकृति मिति : २०८३/०४/१५ | LT. No. 345878 | चलानी नं. ६०२५९११७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 3 | 0 | 1700 | ६३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति २०८३ साउन २३ गते (8th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com
श्रम इजाजत नं. १२७५/०७४/७५

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४००० | प्रति तोला – ० | प्रति तोला – ४३१० |



**तरकारीको जोहो...** | ललितपुर महानगरपालिका–१२ टंगालस्थित सडक परिसरमा बिक्रीका लागि राखिएका तरकारी खरिद गर्दै उपभोक्ता ।

*तस्बिर: शशीधर अधिकारी/रासस*

# तार व्यवस्थापन पूरा गर्न आइस्पानलाई अन्तिम मौका

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकामा वर्षौंदेखि बिजुलीका खम्बामा गुजुल्टिएका, लत्रिएका तथा प्रयोगविहीन इन्टरनेट, टेलिफोन र केवलका तार व्यवस्थापनका लागि तोकिएको समयसीमाभित्र काम पूरा गर्न नसकेपछि इन्टरनेट सेवा प्रदायक संघ नेपाल (आइस्पान) ले अन्तिमपटक १५ दिनको थप समय मागेको छ ।

सूचना तथा सञ्चार मन्त्रालयमा शुक्रबार बसेको सरोकारवाला निकायहरूको बैठकमा आइस्पानले काम सम्पन्न गर्न थप समय आवश्यक रहेको जनाएको हो। बैठकमा सूचना तथा सञ्चार मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, आइस्पान तथा अन्य सम्बन्धित निकायका प्रतिनिधिको सहभागिता थियो ।

बैठकमा सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले अव्यवस्थित तार व्यवस्थापनको प्रगति, कार्यान्वयनका क्रममा उत्पन्न समस्या र तिनको समाधानका उपाय सुझाउँदै तोकिएको समयभित्र काम सम्पन्न गर्न निर्देशन दिए । उनले वास्तविक समस्या समाधान गर्न सरकार तत्पर रहेको दोहोर्‍याउँदै परिणाम देखिनेगरी काम गर्न निर्देशन दिए ।

सञ्चारमन्त्री तिमिल्सिनाले भने, ‘तार व्यवस्थापनलाई सरकारले निष्कर्षमा पुर्‍याएरै छाड्छ । काम गर्दै जाँदा केही समय लाग्न सक्छ तर अब समय लम्ब्याउन सकिँदैन ।’ उनले काममा देखिएका समस्या र समाधानका लागि सरकारले गर्नुपर्ने विषयबारे समयमै जानकारी गराउन पनि आइस्पानलाई आग्रह गरे ।

उनले अव्यवस्थित तार व्यवस्थापन सेवा प्रदायकहरूको कानुनी तथा व्यावसायिक दायित्व भएको स्पष्ट पार्दै विगतमै यो काम भएको भए अहिलेको अवस्था सिर्जना नहुने बताए । दीर्घकालीन समाधानका लागि एउटै पूर्वाधार विभिन्न सेवा प्रदायकले साझा रूपमा प्रयोग गर्न सक्ने व्यवस्थाबारे अध्ययन गर्न पनि उनले निर्देशन दिए ।



> तार व्यवस्थापनलाई सरकारले निष्कर्षमा पुर्‍याएरै छाड्छ । काम गर्दै जाँदा केही समय लाग्न सक्छ तर अब समय लम्ब्याउन सकिँदैन ।
>
> ■ **डा. विक्रम तिमिल्सिना**
> मन्त्री
> सूचना तथा सञ्चार

सञ्चारमन्त्री तिमिल्सिनाले सेवा प्रदायक र नियामक दुवै निकायको कार्यसम्पादनप्रति असन्तुष्टि जनाउँदै तोकिएको समयमा काम सम्पन्न नहुनु आइस्पान र नियामक नेपाल दूरसञ्चार प्राधिकरण दुवैको असफलता भएको उल्लेख गरे । उनले सरकारले समस्या समाधानमा सहयोग गर्ने तर काम नगर्ने प्रवृत्ति स्वीकार्य नहुने स्पष्ट पारे ।

उनले भने, ‘आइस्पानले फेरि १५ दिनको समय मागेको छ । यसअघि साउन १५ गतेभित्र काम सक्ने प्रतिबद्धता गर्नुभएको थियो । अब मागिएको अवधिमा काम सम्पन्न हुने विश्वसनीय आधार चाहिन्छ ।’

बैठकमा आइस्पानका प्रमुख कार्यकारी अधिकृत सुभास खड्काले काठमाडौं उपत्यकामा पहिलो चरणअन्तर्गत निर्धारण गरिएका छ वटा रुटमध्ये हालसम्म करिब ५८ प्रतिशत काम सम्पन्न भएको जानकारी दिए । उनका अनुसार उपत्यकासँगै देशका अन्य स्थानमा पनि तार व्यवस्थापनको काम भइरहेको छ । उनले समस्याको दीर्घकालीन समाधानका लागि छुट्टै पूर्वाधार कम्पनी स्थापना आवश्यक रहेको धारणा व्यक्त गरे ।

आइस्पानले नेपाल विद्युत् प्राधिकरणले विद्युत्का लाइन भूमिगत गर्दा इन्टरनेट तथा केवल सेवाका तार व्यवस्थापनका लागि पर्याप्त पूर्वाधार निर्माण नभएको विषय पनि उठाएको थियो । कलंकी-थानकोट, चाबहिल-बौद्धलगायत क्षेत्रमा पाइलट परियोजनाका रूपमा सेवा प्रदायक आफैंले भूमिगत इन्टरनेट तार विस्तार गरिरहेको जानकारी दिँदै आइस्पानले जनशक्ति थप्ने तयारी भइरहेको जनाएको छ ।

आइस्पानले नेपाल विद्युत् प्राधिकरण र नेपाल दूरसञ्चार प्राधिकरणबाट आवश्यक जनशक्ति फिल्डमा नखटिने, प्रहरीले कामदारलाई रोक्ने, ट्राफिक प्रहरीले भर्‍याङ हटाइदिने तथा दक्ष जनशक्तिको अभाव भएको जनाएको छ । अब उपलब्ध जनशक्तिलाई एउटै क्षेत्रमा केन्द्रित गरेर काम चाँडो सम्पन्न गर्ने रणनीति अपनाइने पनि आइस्पानले जानकारी दिएको छ ।

गत असार ३१ गते सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको संयुक्त उपस्थितिमा भएको उच्चस्तरीय अन्तरनिकाय बैठकमा आइस्पानले पहिलो चरणअन्तर्गत काठमाडौं उपत्यकाका छ वटा क्षेत्रमा साउन १५ गतेभित्र अव्यवस्थित तार व्यवस्थापन सम्पन्न गर्ने प्रतिबद्धता जनाएको थियो ।

बैठकले नेपाल दूरसञ्चार प्राधिकरणलाई नेतृत्वदायी तथा नियामकीय भूमिका निर्वाह गर्ने, सबै सेवा प्रदायकले आफ्ना तारमा स्पष्ट पहिचान खुल्ने ट्याग अनिवार्य राख्ने, सम्बन्धित निकायबीच नियमित समन्वय गर्ने तथा प्रगतिको निरन्तर समीक्षा गर्ने निर्णय गरेको थियो ।

पहिलो चरणमा त्रिपुरेश्वर-कालिमाटी-कलंकी, जडीबुटी-पेप्सीकोला, त्रिपुरेश्वर-लाजिम्पाट, सामाखुशी-टाउन प्लानिङ-गोंगबु, कीर्तिपुर क्षेत्र तथा पुरानो बानेश्वर-गौशाला-चाबहिल गरी छ वटा स्थानमा अव्यवस्थित तार व्यवस्थापन गर्ने लक्ष्य छ ।

# सामाजिक सद्भाव कायम राख्न उद्योग परिसंघको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग परिसंघले पूर्वी नेपालका केही जिल्लामा विकसित परिस्थितिप्रति चासो व्यक्त गर्दै सामाजिक तथा धार्मिक सद्भाव कायम राख्न सबै पक्षसँग आग्रह गरेको छ । परिसंघले नेपाल सदियौंदेखि धार्मिक सहिष्णुता, आपसी एकता र सामाजिक सद्भाव कायम राख्दै आएको मुलुक भएकाले त्यसलाई जोगाइराख्नु सबैको साझा दायित्व भएको उल्लेख गरेको छ ।

विज्ञप्तिमार्फत परिसंघले कुनै पनि समस्या, असन्तुष्टि वा विवादको समाधान संवाद र वार्तामार्फत खोजिनुपर्ने उल्लेख गर्दै आन्दोलन, हिंसा वा द्वन्द्वका माध्यमबाट समाधान ननिस्कने भएकाले सबै पक्षलाई संयमता अपनाउन, आपसी सद्भाव कायम राख्न तथा मुलुकमा शान्ति, सामाजिक र धार्मिक सहिष्णुता जोगाउन आग्रह गरेको छ ।

परिसंघले मुलुकको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहेका बेला यस्ता घटनाले रोजगारी, उत्पादन र समग्र आर्थिक गतिविधिमा नकारात्मक प्रभाव पार्ने जनाएको छ । आन्दोलनका क्रममा जनधनको क्षति हुनुका साथै सार्वजनिक तथा निजी सम्पत्तिमा तोडफोड, बजार र पसल बन्द गराउने तथा लुटपाटजस्ता घटनाप्रति दुःख र चिन्ता व्यक्त गर्दै आमनागरिक र उद्योग व्यवसायको सुरक्षाको प्रत्याभूति गराउन नेपाल सरकारसँग आग्रह गरेको छ ।

विज्ञप्तिमा सामाजिक, धार्मिक र साम्प्रदायिक सद्भाव कायम राख्न समाजका विभिन्न संघ संस्था, निजी क्षेत्र तथा नेपाल उद्योग परिसंघका प्रदेश र जिल्ला शाखालाई शान्ति र सद्भाव प्रवर्द्धन गर्ने गतिविधिमा सक्रिय सहयोग गर्न पनि आह्वान गरिएको छ ।

# उद्योग विभागका अधिकांश सेवा पूर्णरूपमा ‘अनलाइन’

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग विभागले आफूबाट प्रवाह हुने अधिकांश सेवा पूर्ण रूपमा अनलाइन प्रणालीमार्फत सञ्चालनमा आइसकेको भन्दै सेवाग्राहीलाई सेवा लिन भौतिक रूपमा विभागमा उपस्थित नहुन आग्रह गरेको छ ।




विभागले अत्यावश्यक सूचना जारी गर्दै हालसम्म अनलाइन प्रणालीमा समावेश हुन बाँकी रहेका सेवासमेत क्रमशः अनलाइनमा ल्याउने प्रयास जारी रहेको जनाएको छ । अनलाइन प्रणालीमार्फत सञ्चालन भइरहेका सेवाका लागि सेवाग्राही स्वयं कार्यालयमा उपस्थित हुनुनपर्ने व्यवस्था भएको छ ।

हाल भौतिक रूपमा उपस्थित भई सेवा लिनुपर्ने अवस्थामा सम्बन्धित प्रतिष्ठान (फर्म, कम्पनी, उद्योग वा व्यवसाय) का सञ्चालक स्वयं, कर्मचारी वा प्रतिष्ठानले तोकेको आधिकारिक प्रतिनिधि मात्र परिचय खुल्ने आधिकारिक परिचयपत्रसहित उपस्थित हुनुपर्नेछ । विभागले यही साउन १८ गतेदेखि विभागबाट प्रदान गरिने सेवाको आवेदन तथा सम्बन्धित कागजात औद्योगिक व्यवस्थापन सूचना प्रणाली (आईएमआईएस)मार्फत अनलाइनबाट मात्रै उपलब्ध हुने जनाएको छ । ती सेवाका लागि भौतिक रूपमा आवेदन तथा कागजात दर्ता नगरिने पनि सूचनामा उल्लेख छ ।

विभागका अनुसार अनलाइनबाट सञ्चालन हुने सेवामा नयाँ उद्योग दर्ता अनुमति, एकाइ उद्योग दर्ता, उद्योग स्थानान्तरण, उद्योगको पुँजी तथा क्षमता वृद्धि, उद्योग अध्यावधिक, म्याद थप तथा फर्म नवीकरण, सञ्चालन जानकारी, शेयर संरचना संशोधन, उद्योगको नाम तथा उद्देश्य परिवर्तनलगायत सेवा समावेश छन् ।

त्यसैगरी, विदेशी लगानी स्वीकृति (अटोमेटिक रुटसमेत), व्यावसायिक भिसा सिफारिस, ‘रिप्याट्रिएसन,’ ‘टेक्नोलोजी ट्रान्सफर एग्रिमेन्ट,’ शेयर खरिदसम्बन्धी सेवा, कच्चा पदार्थ खपतको कच्चा पदार्थ खपत मापदण्ड निर्धारण, वार्षिक प्रगति विवरण, छुट तथा सुविधा सिफारिस, संस्थाग सामाजिक उत्तरदायित्व, प्रारम्भिक वातावरणीय परीक्षण, कार्यसर्त तथा संशोधित प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृतिसम्बन्धी सेवा पनि अनलाइनबाट उपलब्ध हुनेछन् ।

विभागले प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने रु २५ करोडभन्दा कम स्थिर पुँजी भएका उद्योगका हकमा उद्योग सञ्चालनका लागि आवश्यक ‘मेसिनरी’, औजार, कच्चा पदार्थ तथा रसायन आयात, ‘बन्डेड वेयरहाउस’ र कच्चा पदार्थ खपतको निर्धारणलगायत छुट, सुविधा र सहुलियत सिफारिससम्बन्धी काम प्रदेश सरकार तथा मातहतका निकायबाट हुने भएकाले सोहीअनुसार सेवा लिन पनि आग्रह गरेको छ ।

# नेप्से परिसूचक दोहोरो अंकले बढ्यो




**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक शुक्रबार दोहोरो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १२ दशमलव ९६ अंकले बढेर दुई हजार ६८५ दशमलव ५४ अंकमा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ४४ अंकले बढेर ४७० दशमलव १३ पुगेको छ । त्यस्तै फ्लोट सूचक एक अंकले बढेर १८४ दशमलव ५९ मा पुगेको छ ।

त्यस्तै, सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ७७ अंकले बढेर १५९ दशमलव ४८ मा पुगेको छ ।

विभिन्न कम्पनीका ८८ लाख ५१ हजार २१६ कित्ता सेयर रु तीन अर्ब ७५ करोड ९७ लाख २२ हजार ३४० मूल्यमा खरिद बिक्री भएको छ । आज १३ उपसमूहमध्ये ११ उपसमूह बढेका छन् भने दुई उपसमूह घटेका छन् ।

१८० कम्पनीको सेयर बढ्यो भने ८२ कम्पनीको सेयर घट्यो । त्यसैगरी १३ कम्पनीको सेयर स्थिर रह्यो । नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, लक्ष्मी भ्यालु फण्ड र जोशी हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन् । त्यस्तैगरी बोर्टलर्स नेपाल(तराई) लिमिटेड, कालिञ्चोक हाइड्रोपावर कम्पनी र कर्पोरेट डेभलपमेन्ट बैंकका लगानीकर्ताले गुमाएका छन् ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समभ्रदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सम्भ समाज निर्माणमा योगदान दिऔं ।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ